**आकाशवाणी समाचार- नेपाली**

मितिः १८ अप्रेल २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**<u>प्रमुख समाचार</u>**

- तृणमूल कंग्रेस सुप्रीमो तथा मुख्यमन्त्री ममता ब्यानर्जीले भारतीय जनता पार्टी (भाजपा) माथि केन्द्रिय जाँच एजेन्सीहरूको दुरूपयोग गरेको आरोप लगाउनु भएको छ।

- भारतीय जनता पार्टीका वरिष्ठ नेता दिलीप घोषले पश्चिम बंगालमा माछाको विषयमा भइरहेको राजनीतिलाई अनावश्यक बताउँदै प्रदेश सरकारमाथि चर्को प्रहार गर्नु भएको छ।

- निर्वाचन आयोगले पश्चिम बंगालमा यस महिना हुने दुई चरणको विधानसभा चुनावको लागि गणना केन्द्रहरूको संख्या घटाएर ८७ बनाएको छ।

- विधानसभा चुनाव अघि निष्पक्षतामाथि प्रश्न उठेपछि निर्वाचन आयोगले पश्चिम बंगालमा पाँच बुथ लेभल अफिसर (बीएलओ) लाई निलम्बन गरेको छ।

- ५. मतदाता सचेतना अभिवृद्धि गर्ने उद्देश्यले दार्जिलिङ हिमालयन रेलवे ले दार्जिलिङ जिल्ला निर्वाचन अधिकारीको कार्यालयसँग मिलेर "मेगा SVEEP" अर्थात्(Systematic Voters' Education and Electoral Participation) कार्यक्रम आयोजना गरेको छ।

**<u>ममता ब्यानर्जीको प्रतिक्रिया</u>**

कोलकातामा तृणमूल कंग्रेसका नेता औ पार्टी उम्मेदवार देवाशिष कुमारको घर तथा कार्यालयमा भएको आय करको छापामारीलाई लिएर पार्टी सुप्रीमो ममता ब्यानर्जीले चर्को प्रतिक्रिया व्यक्त गर्नु भएको छ। यस सम्बन्धमा उहाँले हिजो भारतीय जनता पार्टी (भाजपा) माथि केन्द्रिय जाँच एजेन्सीहरूको दुरूपयोग गरेको आरोप लगाउनु भएको छ। कुचबिहारको रासमेला मैदानमा आयोजित जनसभालाई सम्बोधन गर्नु हुँदै उहाँले भन्नु भयो, भजपा सोझो राजनीतिक लड़ाईँमा असफल भइसकेको छ, त्यसैले तृणमूल उम्मेद्वार तथा पार्टी कार्यालयहरूमा प्रवर्तन निदेशालय र आय कर विभागको माध्यमबाट छापामारी गराइँदैछ।सुश्री ममता ब्यानर्जीले भन्नु भयो, कालो धनको हवाला कारबार गर्ने मानिसहरू बंगालमा बसेका छन्, तर कारबाही उनीहरूविरूद्ध भइरहेको छैन। यसको सट्टा मेरा उम्मेद्वारको घर र पार्टी कार्यालयमा खानतलासी गरिँदैछ। उहाँले दाबी गर्नु भयो, उहाँको विमानको पनि जाँच गर्ने प्रयास गरिएको थियो साथै उहाँका सुरक्षा कर्मीहरूमाथि पनि कारबाही गरिँदैछ। मुख्यमन्त्रीले भाजपालाई लक्षित गर्दै भन्नु भयो, उसले आमने-सामने राजनीतिक स्पर्धा गर्न सकिरहेको छैन। उहाँले विश्वास व्यक्त गर्नु भयो, जनताले मतदान पेटीको माध्यमबाट यसको जवाफ दिनेछन्।

**<u>दिलीप घोष</u>**

भारतीय जनता पार्टी (भाजपा) का वरिष्ठ नेता दिलीप घोषले पश्चिम बंगालमा माछाको विषयमा भइरहेको राजनीतिलाई अनावश्यक बताउँदै प्रदेश सरकारमाथि चर्को प्रहार गर्नु भएको छ। उहाँले मुख्यमन्त्री ममता ब्यनर्जीमाथि आरोप लगाउनु भयो, उहाँले जनतामाझ यो भ्रम फैलाएर भयपूर्ण वातावरण सृजना गरिरहेकी छन् कि भाजपा सत्तामा

आयो भने बंगालीहरूको खानपानमाथि प्रतिबन्ध लगाउनेछ र उनीहरूलाई माछा खानदेखि वञ्चित गरिनेछ। हिजो चुनावी अभियानको क्रममा श्री दिलीप घोषले आईआईटी खड्गपुरस्थित माछा मण्डीको भ्रमण गर्नु भयो। यस अवसरमा उहाँले स्थानीय व्यापारी तथा मछुआराहरूसित भेट गरी उनीहरूसित विस्तृत सम्वाद गर्नु भयो।श्री घोषले स्पष्ट पार्नु भयो, माछा बंगालको सभ्यता, संस्कृति र आहारको अभिन्न अंग हो, अतः यसलाई लिएर भ्रामक प्रचार गर्नु सर्वथा अनुचित र तर्कहीन छ। उहाँले भन्नु भयो, तृणमूल कंग्रेसले आफ्नो विफलतालाई लुकाउनको लागि यस्ता संवेदनशील विषयहरूको सहारा लिरहेको छ। उहाँले राज्य सरकारको आलोचना गर्नु हुँदै भन्नु भयो, प्रदेशमा लगभग डेढ़ दशकदेखि सत्तासिन भएर पनि वर्तमान सरकार मछुआराहरूको कल्याणको निम्ति कुनै ठोस तथा दूरगामी नीति बनाउनमा असफल रहेको छ। आज पनि राज्यको मत्स्य जीवीसित सम्बन्धित व्यापारीहरूले मूलभूत सुविधाहरूको लागि संघर्ष गरिरहेका छन्।

**अभिषेक ब्यनर्जी**

पश्चिम मिदनापुर जिल्लाको सबंगमा चुनाउ प्रचार गर्ने क्रममा हरिजन पल्लीमा एकजना महिला र उसकी सानी छोरीसित कथित रूपमा दुर्व्यवहार भएको घटनालाई लिएर तृणमूल कंग्रेसका राष्ट्रिय महासचिव अभिषेक ब्यनर्जीले भारतीय जनता पार्टी (भाजपा)-माथि तीव्र प्रहार गर्नु भएको छ। उहाँले आरोपीहरूविरूद्ध कड़ा चेताउनी दिँदै भन्नु भयो, उनीसित सबैको नाम छ। आगामी 4 मईपछि सबैले पीड़ित महिला तथा उसकी दुई वर्षीय बालिकासित माफी माग्नुपर्छ। जानकारी अनुसार गए बिहीवार राती सबंग विधानसभा क्षेत्रको हरिजन पल्लीमा स्थानीय गृहिणी साथी घोराई कुइलाकी सानी छोरीबाट कथित रूपमा गल्तीले भजपाको पोस्टर च्यातियो। त्यसपछि भाजपाका केही कार्यकर्ताहरूले महिलाको घरमै गएर छोरीको छेउमा डर तथा धम्कीसितै कुटपिट गरेको आरोप छ। यस मामिलामा सबंग थानामा सिकायत दर्ता गरिएको छ। घटनाको विरोधमा श्री अभिषेक ब्यनर्जीले भन्नु भयो, पार्टीको पक्षबाट सिकायत गरिएको छ। आठजना आरोपीहरूमध्ये एकजनालाई पक्राउ गरिसकिएको छ। उहाँले जिल्ला प्रशासनमाथि भरोसा व्यक्त गर्दै निष्पक्ष कारबाही गर्ने आशा व्यक्त गर्नु भयो।

**गणना केन्द्रहरूको संख्या घटायो**

हिजो भारतको निर्वाचन आयोगले पश्चिम बंगालमा यस महिना हुने दुई चरणको विधानसभा चुनावको लागि गणना केन्द्रहरूको संख्या घटाएर ८७ बनाएको छ। २०१६ को विधानसभा चुनावमा गणना केन्द्रहरूको संख्या ९० थियो, जुन २०२१ मा बढेर १०८ पुगेको थियो। यस पटक, आयोगद्वारा जारी गरिएको अधिसूचना अनुसार यो संख्या घटेर ८७ भएको छ। यी ८७ गणना केन्द्रहरूमध्ये, सबैभन्दा धेरै संख्या - १२ केन्द्रहरू - दक्षिण २४ परगनामा स्थापना गरिएका छन्। यसपछि उत्तर २४ परगनामा आठ र हुगलीमा छ केन्द्रहरू छन्। सबैभन्दा कम संख्या - प्रत्येक एक केन्द्र - कालिम्पोङ, अलिपुरद्वार र झारग्राममा स्थापना गरिएको छ।पश्चिम बंगालमा मतदान २३ अप्रेल र २९ अप्रेलमा दुई चरणमा हुनेछ। मतगणना ४ मईमा गरिनेछ र परिणाम सोही दिन घोषणा गरिनेछ। आयोगले थप उल्लेख गरेको छ, अनधिकृत राजनीतिक विज्ञापनहरू हटाउन व्यापक अभियान जारी छ। पछिल्लो रिपोर्टहरू अनुसार, सबै जिल्लाहरूमा सार्वजनिक र निजी दुवै सम्पत्तिबाट विकृति हटाइएको छ। जिल्ला निर्वाचन अधिकारीहरूले आफ्नो क्षेत्राधिकारभित्रका सबै सार्वजनिक सम्पत्तिबाट विकृति हटाइएको पुष्टि गर्ने प्रमाणपत्रहरू पनि पेश गरेका छन्।

**पश्चिम बंगाल: बीएलओहरू निलम्बित**

विधानसभा चुनाव अघि निष्पक्षतामाथि प्रश्न उठेपछि निर्वाचन आयोगले पश्चिम बंगालमा पाँच बुथ लेभल अफिसर (बीएलओ) लाई निलम्बन गरेको छ। विभागीय छानबिनको अतिरिक्त, उनीहरू विरुद्ध एफआईआर दर्ता गर्न निर्देशन पनि जारी गरिएको छ। आयोग स्रोतहरूले बताएअनुसार यी अधिकारीहरू कथित रूपमा राजनीतिक दलको तर्फबाट काम गरिरहेका थिए। उत्तर २४ परगना जिल्लाको बारासत उपखण्डमा तीन बीएलओहरूलाई निलम्बन गरिएको छ। उनीहरूलाई पहिले कारण देखाउनुहोस् सूचना जारी गरिएको थियो, तर उनीहरूको जवाफ सन्तोषजनक नभएको मानिएको थियो। यसैबीच, वीरभूम जिल्लामा, दुबराजपुर र मयुरेश्वरमा दुई बीएलओहरूलाई पनि समान गतिविधिमा संलग्न भएको आरोपमा निलम्बन गरिएको छ।निर्वाचन आयोगले निर्वाचन प्रक्रियामा निष्पक्षता सुनिश्चित गर्न कडा उपायहरू लागू गर्ने आवश्यकतामा जोड दिएको छ।

**दश लाख रुपियाँ नगद जफत**

चुनाउ आयोगको कड़ाईबीच पश्चिम बंगाल विधानसभा चुनाउको पहिलो चरण सम्पन्न हुन एक साताअघि ठूलो कारबाही भएको छ। नाका जाँचमा एउटा ट्याक्सीबाट दश लाख रुपियाँ नगद जफत गरिएको छ। प्रशासनबाट प्राप्त जानकारी अनुसार आगामी 23 अप्रेलका दिन सम्पन्न हुन गइरहेको पहिलो चरणको मतदानलाई मध्यनजर गर्दै सिलगढ़ी लगायत सम्पूर्ण उत्तर बंगालमा सुरक्षाको कड़ा बन्दोबस्त गरिएको छ। शहरका विभिन्न भागहरूमा लगातार नाका चेकिंग तथा सीसीटीभीको माध्यमबाट निगरानी गरिँदैछ। यसै क्रममा गए अबेर राती सालुगढ़ादेखि चेकपोस्टतर्फ आइरहेको एउटा संदिग्घ ट्याक्सीलाई रोकेर जाँच गरियो जसमा वाहनको पछिल्लो सीटमा राखिएको ब्यागबाट 500 रुपियाँको नोटको दश बण्डल भेटियो। हरेक बण्डलमा एक लाख रुपियाँ थियो।
यो कारबाही चुनाउ आयोगको एसएसटी (स्ट्याटिक सर्भिलान्स टीम)-ले पुलिस र केन्द्रिय बलहरूको उपस्थितिमा गरेको हो। वाहनमा उपस्थित व्यक्तिसित उक्त नगद रुपियाँको सम्बन्धमा वैध दस्तावेज र उपयोगको विवरण माग्दा उसले सन्तोषजनक जवाफ दिन सकेन।स्मरण गराइन्छ, आदर्श आचार संहिता लागू भएपछि वैध दस्तावेज बिना 50 हजार रुपियाँभन्दा अधिक नगद लिएर यात्रा गर्नु नियमविरूद्ध छ। यस्तो मामिलामा चुनाउ आयोगद्वारा कड़ा कारबाही गरिन्छ।

**DHR**

मतदाता सचेतना अभिवृद्धि गर्ने उद्देश्यले दार्जिलिङ हिमालयन रेलवे (DHR) ले दार्जिलिङ जिल्ला निर्वाचन अधिकारीको कार्यालयसँग सहकार्य गर्दै "मेगा SVEEP" (Systematic Voters' Education and Electoral Participation) कार्यक्रम आयोजना गरेको छ। यो कार्यक्रम हिज सम्पन्न गरिएको हो। आगामी पश्चिम बंगाल विधान सभा (WBLA) २०२६ को आम निर्वाचनलाई ध्यानमा राख्दै समाजका सबै वर्गमा लोकतान्त्रिक सहभागिता प्रवर्द्धन गर्दै सूचित मतदाताको सहभागिता सुनिश्चित गर्नु यस पहलको उद्देश्य रहेको थियो । यस ऐतिहासिक कार्यक्रमको प्रमुख हितधारकको रुप-मा DHR ले बिहान १० बजेर ४५ मिनट देखि दार्जिलिङ रेलवे स्टेशनमा कार्यक्रमको महत्वपूर्ण चरणको आयोजना गरेको थियो। कार्यक्रममा ठूलो स्तरमा हस्ताक्षर अभियान पनि सुरु गरियो , जसमा अधिकारीहरू र नागरिकहरूले सूचित तथा नैतिक मतदान प्रक्रियाप्रति आफ्नो प्रतिबद्धता व्यक्त गरेका थिए।यस कार्यक्रमको मुख्य आकर्षण "डेमोक्रेसी एक्सप्रेस" रेलगाडीलाई झण्डा हल्लाएर प्रस्थान गराइने कार्यक्रम रहेको थियो, जुन विशेष रूपमा निर्वाचन सहभागिताको सन्देशलाई स्टेशन बाहिरसम्म पुर्‍याउन दार्जिलिङ हिमालयन रेलवे द्वारा सञ्चालन गरिएको विशेष रेलगाडी हो। रेलगाडीले दार्जिलिङ स्टेशनबाट विश्वप्रसिद्ध बतासे लूपतर्फ प्रस्थान गरेको थियो|

*********